नेपाल सरकार
अर्थ मन्त्रालय

फ्याक्स नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं

प.सं.:२०७७/०७८/४.१
च.नं.:- ३४३

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

मिति : २०७८/०१/२४

विषयः CGAS बाट EFT गर्ने तथा बैंक खाताहरु प्रयोग सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, सबै।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालयहरु, सबै।
श्री प्रदेश लेखा ईकाइ कार्यालयहरु, सबै।

प्रस्तुत विषयमा मिति २०७८/०१/२४ को निर्णयानुसार कर्मचारी सञ्चयकोषको प्रणाली र CGAS बीच Integration गर्ने काम सम्पन्न भई २०७७ पौष महिना देखि अनिवार्य रुपमा Online फाँटवारी पठाउने व्यवस्था गरी १७००० भन्दा बढी फाँटवारी Online बाट कर्मचारी सञ्चयकोषमा प्राप्त भई भिडान समेत भएको र नागरिक लगानी कोषको सिस्टम र CGAS बीच Integration गर्ने काम समेत सम्पन्न भई सकेकोले नेपाल सरकार र प्रदेश सरकारमा नागरिक लगानी कोषद्वारा सञ्चालित कर्मचारी बचतवृद्दि अवकाश कोष /राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बीमा कोष कार्यक्रमका लागि कट्टी गरेकै समय (Real Time) मा २०७८ बैशाख महिनाको पारिश्रमिक भुक्तानीको अवस्थादेखि अनिवार्य CGAS मार्फत नै नागरिक लगानी कोषमा Online फाँटवारी पठाउन सकिने गरी CGAS मा व्यवस्था गरिसकिएको हुदा तहाँ र तहाँ अन्तर्गत रहेका भुक्तानी कार्यालयहरुले अनिवार्य रुपमा तपशील बमोजिम गर्नु /गराउनुहुन अनुरोध छ।

**तपशील:**

१. कर्मचारी सञ्चयकोष दुवै तर्फका (कर्मचारी सञ्चय कोष र योगदानमा आधारित निवृतभरण कोष) तथा नागरिक लगानी कोषका दुवै तर्फ(कर्मचारी बचत वृद्दि अवकाश कोष र राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बीमा कोष) कट्टी दाखिला अनिवार्य रुपमा Electronic Fund Transfer मार्फत गर्ने/ गराउने।

२. नागरिक लगानी कोषका खाता नेपाल बैंक लि. र राष्ट्रिय बाणिज्य बैंक लि. मात्र हुने भएको हुँदा सम्वन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयले बैंकसँग समन्वय गरी जिल्लाभर जुन बैंकबाट सरकारी कारोवार भएको छ सोहि बैंकबाट नागरिक लगानी कोषसँग सम्वन्धित दुवै कट्टि

नेपाल सरकार
अर्थ मन्त्रालय

फ्यास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं

प.सं.:२०७७/०७८/४.१
च.नं.:- ३४३

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा नियन्त्रक कार्यालय

दाखिला हुने व्यवस्था मिलाउने। को.ले.नि.का. मोरङ, रुपन्देही, सिंहदरबार र ववरमहलले दुई बैंक मध्ये अनुकूल हुने एक बैंकबाट कारोवार हुने व्यवस्था मिलाउने ।

क. नागरिक लगानी कोषसँग सम्वन्धित कट्टी दाखिला गर्नुपर्दा पुराना बैंक खाताहरु अव उप्रान्त EFT नगर्ने / बैंक विवरण आदेश गरिसकिएको भएमा अनिवार्य रुपमा निष्कृय गरी तपशील उल्लखित बैक खातामार्फत EFT गर्ने ।

ख. पारिश्रमिक भुक्तानी गर्दा अनिवार्य रुपमा परिचयपत्र नं Verify गर्नुपर्ने, कट्टी रकम नागरिक लगानी कोषमा जम्मा तपशीलमा उल्लेख गरिए बमोजिमको बैंक र बैंक खातामा रकम जम्मा हुने गरी अनिवार्य EFT गर्नुपर्ने ।

३. SUCCESS मात्र EFT NO. राखी SYSTEM बाटै अनिवार्य रुपमा कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषका फाँटवारीहरु पठाउने व्यावस्था मिलाउने ।

४. सावधिक जीवन विमा कट्टी नगर्ने कार्यालय वा कर्मचारीका हकमा अनिवार्य रुपमा मलेनिका लेखी पठाउने व्यवस्था मिलाउने।

५. नागरिक लगानी कोष परिचयपत्र नम्वर Entry वा Verify गर्दा कुनै समस्या भएमा समाधानको लागि नागरिक लगानी कोषमा देहाय बमोजिमको Quick Response Team गठन भएको छ । उक्त Team सँगको समन्वयमा तत्काल समस्या समाधान गर्ने ।

नागरिक लगानी कोष प्रयोगमा आएका खाताहरु

| सि.न. | बैंकको नाम | खाता को नाम नेपाली | खाता को नाम अङग्रेजी | खाता न |
|---|---|---|---|---|
| १ | नेपाल बैंक लिमिटेड | कर्मचारी बचत वृद्दि अवकाश कोष, ना.ल.कोष | KARMCHARI BACHAT BIRDDHI AWAKASH KOSH, CIT | 00200100510029000001 |
| २ | नेपाल बैंक लिमिटेड | राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बीमा कोष, ना.ल.कोष | RASTRASEWAK SAWADHIK JEEBAN BIMA KOSH, CIT | 00200106379918000001 |
| ३ | राष्ट्रिय बाणिज्य बैंक | कर्मचारी बचत वृद्दि अवकाश कोष, ना.ल.कोष | KARMCHARI BACHAT BIRDDHI AWAKASH KOSH, CIT | 1430100000415001 |
| ४ | राष्ट्रिय बाणिज्य बैंक | राष्ट्रसेवक कर्मचारी सावधिक जीवन बीमा कोष, ना.ल.कोष | RASTRASEWAK SAWADHIK JEEBAN BIMA KOSH, CIT | 1420100004434001 |

नेपाल सरकार
अर्थ मन्त्रालय

फ्यास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा)

अनामनगर, काठमाडौं

प.सं.:२०७७/०७८/४.१
च.नं.:- ३४३

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर

नागरिक लगानी कोष सम्पर्क ठेगाना :- **Email :- cit_cgas@nlk.org.np**

**Quick Response Team को सम्पर्क नं.**

| क्षेत्र | निजामती बीमा | नेपाली सेना बीमा | नेपाल प्रहरी/शसस्त्र प्रहरी / राष्ट्रिय अनुसन्धान बीमा | कर्मचारी वचतवृद्दि अवबाश कोष (KBB) | सुचना प्रबिधि महाशाखा |
|---|---|---|---|---|---|
| मोवाईल नं. | ९८४७६९११९१ | ९८४७६९११९३ | ९८४७६९११९५ | ९८४७६९११९७ | ९८४७६९१२०१ |
| मोवाईल नं. | ९८४७६९११९२ | ९८४७६९११९४ | ९८४७६९११९६ | ९८४७६९११९८ | - |
| मोवाईल नं. | - | - | - | ९८४७६९१२०० | - |

..................
पुष्कर पौडेल
लेखा अधिकृत